# नेपालगञ्ज उप-महानगरपालिका

# स्थानीय राजपत्र

खण्ड ८) नेपालगञ्ज, असार २९ गते, २०८२ साल (संख्याः ३

भाग १

नेपालगञ्ज उप - महानगरपालिका

संवत् २०८२ सालको ऐन नं. ३

**नेपालगञ्ज उप-महानगरपालिका, बाँके को सार्बजनिक सम्पत्तिहरुको समयमै मर्मत सम्भारको व्यवस्था गर्न बनेको मर्मत सम्भार कोष स्थापना तथा सञ्चालन ऐन, २०८२**

<u>प्रस्तावना:</u> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ (१) बमोजिम उप-महानगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्रको सम्पतिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रवन्ध गर्नुपर्ने व्यवस्था भए बमोजिम नेपालगञ्ज उप-महानगरपालिका क्षेत्र भित्र रहेका सरकारी, सामुदायिक तथा सार्बजनिक सम्पत्तिहरुको समयमै मर्मत सम्भार गरि लागत प्रभावकारीताका माध्यमले खर्च मितव्ययिता र सम्पतिको दिगोपना कायम गर्न आवश्यक भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अधिकार प्रयोग गरि नेपालगञ्ज उप-महानगरपालिकाले यो “मर्मत सम्भार कोष स्थापना तथा सञ्चालन ऐन, २०८२” बनाएको छ ।

**१. संक्षिप्त नाम तथा प्रारम्भ :**

(१) यो ऐनको नाम "मर्मत सम्भार कोष स्थापना तथा संचालन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन प्रमाणीकरण भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले नेपालगञ्ज उप-महानगरपालिकाको “मर्मत सम्भार कोष स्थापना तथा संचालन ऐन,२०८२" लाई बुझाउनेछ ।

(ख) "उप-महानगरपालिका" भन्नाले नेपालगञ्ज उप-महानगरपालिकालाई बुझाउनेछ ।

(ग) “कोष” भन्नाले मर्मत सम्भार कोषलाई बुझाउनेछ ।

(घ) "वडा कार्यालय" भन्नाले नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गतका वडा नं. १ देखि वडा नं.२३ सम्मका वडा कार्यालयहरुलाई बुझाउनेछ ।

(ङ) "नगर कार्यपालिका" भन्नाले नेपालगञ्ज उप-महानगरपालिकाको नगर कार्यपालिकालाई बुझाउनेछ ।

(च) "स्थानीय तह" भन्नाले नेपालगञ्ज उप-महानगरपालिकालाई बुझाउनेछ ।

(छ) "उपभोक्ता समिति" भन्नाले उप-महानगरपालिकाको टोल र वस्ती क्षेत्रमा संचालन हुने आयोजनाबाट प्रत्यक्ष सेवा पुग्ने समुहबाट उक्त योजना संचालन गर्न बनेको समितिलाई बुझाउनेछ ।

(ज) "प्रमुख" भन्नाले नेपालगञ्ज उप-महानगरपालिकाको नगर प्रमुखलाई बुझाउनेछ ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेपालगञ्ज उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ ।

(ञ) "गैर सरकारी संस्था" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका र स्थानीय तहबाट आफ्नो कार्यक्रम स्वीकृत गराई स्थानीय तहसँग समन्वय राखी कार्य संचालन गर्ने गैर नाफामूलक संस्था सम्झनु पर्दछ ।

(ट) "भौतिक पूर्वाधार" भन्नाले उप-महानगरपालिका क्षेत्र भित्रका सडक, ढल, पुल, कल्भर्ट, कुलो, खानेपानी, तटवन्ध, भवन, खेल मैदान, पार्क तथा यस्तै अन्य सार्वजनिक संरचनाका आतिरिक्त पुरातात्विक, सास्कृतिक, ऐतिहासिक सम्पदाजन्य पूर्वाधार हरु समेतलाई सम्झनुपर्दछ ।

३. **मर्मत सम्भार कोषको स्थापनाः** (१) यस ऐन बमोजिम उप-महानगरपालिकाले सार्बजनिक संरचनाहरुको मर्मत सम्भार कार्यका लागि मर्मत सम्भार कोष स्थापना गर्नेछ ।

(२) मर्मत सम्भार कोषको संञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुख वा निजले तोकेको लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट संञ्चालन हुनेछ।

४. **मर्मत सम्भार कोषमा स्रोत ब्यवस्थापन** : (१) मर्मत सम्भार कोष संञ्चालन गर्ने प्रयोजनका लागि कोषमा तपशिल बमोजिमको रकम जम्मा गर्न सकिनेछ,

(क) नेपाल सरकारबाट प्राप्त हुने अनुदान.

(ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(ग) नगरसभाबाट कोषका नाममा विनियोजन भै प्राप्त हुने रकम,

(घ) राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुबाट प्राप्त हुने रकम,

(ङ) उप-महानगरपालिका तथा वडा कार्यालयहरुबाट संचालन हुने गरि दश लाख रुपैया भन्दा वढी लागत अनुमान तयार भएका पूर्वाधारजन्य आयोजनाहरुबाट अनुसूची १ बमोजिम एक प्रतिशत रकम छुट्याई भुक्तानीका समयमा कट्टि गरि कोषमा जम्मा हुने रकम,

(च) अन्य निकायबाट प्राप्त भै उप-महानगरपालिकाबाट संञ्चालन हुने दश लाख रुपैया भन्दा वढी पूर्वाधारजन्य आयोजनाहरुबाट अनुसूची १ बमोजिम एक प्रतिशत रकम छुट्याई भुक्तानीका समयमा कट्टि गरि कोषमा जम्मा हुने रकम,

तर अन्य स्रोतबाट प्राप्त भइ मर्मत सम्भार कोषमा जम्मा रहेको बाहेकका मर्मत सम्भार कोषबाट खर्च हुने योजनाको हकमा मर्मत सम्भार कोषका लागि कट्टि गर्नु पर्ने छैन।

(छ) अन्य कुनै निकायबाट संचालन हुने निर्माण कार्यको कारणले मर्मत सम्भार गर्नु पर्ने अवस्थामा प्राप्त हुने रकम,

(ज) लापरवाही तथा दुर्घटनाबाट भएको सार्वजनिक पूर्वाधारको क्षतिबाट गर्नुपर्ने मर्मतको हकमा सम्बन्धित पक्षबाट क्षतिपूर्ति बापतको रकम जम्मा गर्न लगाइ मर्मत गर्नुपर्नेछ ।

५. **खर्च गर्ने कार्यक्षेत्र** : (१)मर्मत सम्भार कोषबाट देहाय बमोजिमका क्षेत्रहरुमा खर्च गर्न सकिने छ।

(क) ढल मर्मत सम्भार, ह्युम पाईप खरिद तथा मर्मत कार्य ।

(ख) वडा कार्यालय/सामुदायिक विद्यालय तथा भवनहरु लगायत भौतिक पूर्वाधारहरु मर्मत/स्तरोन्नती गर्ने कार्य।

(ग) नालाहरु सरसफाई तथा मर्मत गर्ने कार्य।

(घ) स्थानीय कार्यक्षेत्र भित्रका सडकका खाल्टाखुल्डी पुर्ने तथा मर्मत सम्भार/ स्तरोन्नती गर्ने कार्य तर संघीय तथा प्रादेशिक सडकको हकमा अति न्यून बजेटका मर्मत सम्भार हुन सक्ने साना प्रकृतिका सम्बन्धित निकायको अनुमतीमा मर्मत सुधार गर्न बाधा पर्ने छैन ।

(ङ) समुदाय स्तरमा उपभोक्ता समितिबाट सञ्चालन भएका खानेपानी तथा सिचाइ योजनाहरुको मर्मत तथा स्तरोन्नती गर्ने कार्य।

६. **मर्मत सम्भार कोषको परिचालनः** (१) स्थानीय कार्यक्षेत्र भित्रका सार्वजनिक सम्पत्तिको मर्मत सम्भारका लागि उप-महानगरपालिका, वडा कार्यालय, सम्वन्धित शाखा, बिद्यालय, स्थानीय हाट बजार व्यवस्थापन समिति, उपभोक्ता, सम्बन्धित व्याक्ति, नागरिक संघ सस्था तथा अन्य निकायको मागका आधारमा तत्कालै मर्मत सम्भार नगरी नहुने सार्वजनिक सम्पत्तिको पहिचान गरी दश लाख रुपैया सम्मको योजनाको हकमा प्रमुख प्रशासकीय अधिकृतले, बिस लाख रुपैया सम्मको मर्मत सम्भारका योजना नगर प्रमुखले र सो भन्दा वढि रकमका योजना नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि उप-महानगरपालिकाबाट छनौट भै अन्य निकायहरुसंगको लागत साझेदारीमा हुने मर्मत कार्यहरु उक्त निकायहरुसंग हुने सम्झौताका सर्तहरुको आधारमा कार्यान्यन गर्नु पर्नेछ ।

(३) उप-महानगरपालिकाले कुनै मर्मत सम्भार गर्दा वा विकास निर्माणका योजनाहरु संञ्चालन गर्दा अन्य निकायसँग समन्वय गरि संञ्चालन गर्नुपर्ने मर्मत कार्यको हकमा सम्बन्धित निकायहरुको समन्वयमा मर्मत कार्यकालागि उक्त निकायको स्वीकृत लागत अनुमान बमोजमको रकम दाखिला गरि उक्त मर्मत कार्य संञ्चालन गर्न सकिनेछ र यसरी दाखिला भएको रकमको कार्य भएको सुनिश्चितता सम्बन्धित निकायबाट कार्यसम्पन्न माग गरि गर्नुपर्नेछ ।

(४) उप-महानगरपालिकाले मर्मत सम्भारका योजनाहरुको भुक्तानी गर्दा भौतिक पूर्वाधारको हकमा प्राबिधिक बिल, कार्य सम्पन्न प्रतिवेदन समेतको आधारमा गर्नुपर्नेछ।

(५) दफा ४ को उपदफा (१) (छ) र (ज) बमोजिम दाखिला भएको रकममा कार्य सम्पन्न पश्चात भुक्तानी  गर्दा बचत हुने रकम सम्बन्धित पक्ष र निकायको अनुरोधमा फिर्ता गर्नु पर्नेछ ।

७. **अनुगमन तथा सुपरिवेक्षण समितिः** (१) मर्मत सम्भार कोषबाट संचालन हुने ५ लाख भन्दा माथिको मर्मत सम्भार कार्यको अनुगमन तथा मुल्यांकन नगर स्तरीय अनुगमन समितिले गर्नेछ ।

८. **बचाउ** : (१) उप-महानगरपालिकामा रहेको मर्मत सम्भार कोष यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ र सो कोषबाट संञ्चालन भै सकेका योजनाहरुको काम कारबाहीहरु समेत यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

९. **नियम तथा बिनियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम बनाइ लागु गर्न सक्नेछ।

१०. **मापदण्ड तथा निर्देशिका जारी गर्न सक्नेः** यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही नगर कार्यपालिकाले बिभिन्न प्रकृतिका भौतिक पूर्वाधार मर्मतको लागि बेग्लाबेग्लै मापदण्ड जारी गर्न सक्नेछ।

## अनुसुची १

**(दफा ४ को उपदफा (१) "ङ" र "च" सँग सम्बन्धित)**

**सोझै खरिद, सिलबन्दि दरभाउपत्र, बोलपत्र मार्फत संचालन हुने योजनाको हकमा**

<u>मर्मत सम्भार कोषको लागि रकम निर्धारण गर्ने तालिका</u>

| आइटम | एकाई | आइटमको जम्मा दररेट | आइटमको जम्मा परिमाण | आइटमको जम्मा खर्च |
|---|---|---|---|---|
| आइटम (१) | | (च) | (ट) | (च) X (ट) |
| आइटम (२) | | (छ) | (ठ) | (छ) X (ठ) |
| आइटम (३) | | (ज) | (ड) | (ज) X (ड) |
| इत्यादि | | | | |

जोड = (व) = (च) X (ट) + (छ) X (ठ) + (ज) X (ड)+............

मर्मत संहार कोषका लागि छुट्याउने रकम = (व) X ०.०१

उपभोक्ता समिति मार्फत संचालन हुने योजनाको हकमा

**मर्मत सम्भार कोषको लागि रकम निर्धारण गर्ने तालिका**

| आइटम | एकाई | आइटमको जम्मा दररेट | आइटमको जम्मा परिमाण | आइटमको जम्मा खर्च |
|---|---|---|---|---|
| आइटम (१) | | (च) | (ट) | (च) X (ट) |
| आइटम (२) | | (छ) | (ठ) | (छ) X (ठ) |
| आइटम (३) | | (ज) | (ड) | (ज) X (ड) |
| इत्यादि | | | | |

जोड = (व) = ((च) X (ट) + (छ) X (ठ) + (ज) X (ड) +…………

उपभोक्ता समितिले ब्योहोर्ने हिस्सा =(ह) =(व)Xउपभोक्ता समितिले ब्योहोर्ने हिस्साको प्रतिशत

उप-महानगरपालिकाले ब्यहोर्ने हिस्सा = (क्ष) = (व) X उप-महानगरपालिकाले ब्यहोर्ने हिस्साको प्रतिशत

मर्मत संहार कोषका लागि छुट्याउने रकम = (क्ष) X०.०१

प्रमाणीकरण मितिः २०८२ असार २९

मूल्य रु. ५

आज्ञाले,
रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत